# मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड

**का.जि.,का.म.न.पा., वडा नं. ११ त्रिपुरेश्वोर।**

**(.लि.नं.-११२९६५/०६५/०६६)**

**मिति २०८०।०९।२३ गतेका दिन सम्पन्न आर्थिक वर्ष २०७९।८० को १५ औं**

**वार्षिक साभारण सभा ।**

## १. वैधानिक सभा

कम्पनी ऐन २०६३ बमोजिम यस कम्पनीको नियमावली बमोजिम पन्ध्रौ बार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष **श्री हिमाल गुरुङ्गज्यू**को अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहाय बमोजिम विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो ।

## २.बार्षिक साधारण सभा सम्पन्न भएको मिति, स्थान र समयः-

मिति : २०८० साल पुस २३ गते, सोमबार (तदनुसार सन २०२४, जनवरी ८)
स्थान : सुर्य इभेन्ट, काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ४, धुम्बाराही, आनन्दनगर ।
समय : दिनको ११ :०० बजे ।

## ३. सभाको सूचना

कम्पनी ऐन २०६३ को दफा ६७ र ७६ को उपदफा १ बमोजिम साथै कम्पनीको नियमावलीको स्वीकृत बमोजिम संचालक समितिको मिति २०८० मार्ग २४ गतेका दिन सम्पन्न बैठकबाट बैंकको पन्ध्रौ वार्षिक साधारण सभा गर्ने निर्णय गरी, सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८० मार्ग २५ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक र मिति २०८० पौष ०१ गतेको नयाँ पत्रिका दैनिकमा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरुमा जानकारीको लागी प्रकाशित गरिएको थियो ।

## ४. छलफल विषयहरु :

**साधारण प्रस्तावहरु**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको मकर जितुमाया सुरि हाइड्रोपावर लिमिटेडको आ.व. २०७९/८० सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।

४) सर्वसाधारण तर्फको संचालकको निर्वाचन सम्बन्धमा ।

**विषेश प्रस्तावहरु :**

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

२) प्रबन्धपत्र र नियमावलीमा गरिने संसोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संसोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

Makar Jitumaya Suri Hydropower Ltd.
MJS

CamScanner

३) विविध ।

ग) विविध :

**५. उपस्थिति**

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित संचालकहरु

| क्र.सं | सञ्चालकहरुको नाम | पद |
|---|---|---|
| १. | श्री हिमाल गुरुङ | संचालक अध्यक्ष |
| २ | श्री सन्तोषी श्रेष्ठ | संचालक |
| ३. | श्री सरस्वति राई | संचालक |
| ४. | श्री चन्द्र बहादुर कार्की | संचालक |
| ५. | श्री बसुना कार्की | संचालक |
| ६. | श्री मित्र बहादुर श्रेष्ठ | स्वतन्त्र संचालक |

५.२ अन्य पदाधिकारीको उपस्थिति

१. श्री उमेश कुमार उपाध्याय ' कम्पनी सचिव

५.३ शेयरधनीहरुको उपस्थिति

१. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : ४७

२. प्रतिनिधि (प्रोक्सी) पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : २३

३. जम्मा उपस्थित संख्या : ७०

**६. गुणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप )**

| विवरण | शेयरधनी ग्रहण गरेको शेयर संख्या | कुल शेयधरनी संख्या | जम्मा उपस्थिति शेयरधनी संख्या | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|
| संस्थापक शेयरधनी अर्न्तगत | ५३,२०,००० | ७ | ६ | ५२,८२,१७०<br>६९.५० प्रतिशत |
| सर्व साधारण समूह अर्न्तगत | २२,८०,००० | | ६४ | १,००,६९७<br>१.३२ प्रतिशत |
| **जम्मा शेयरधनीहरुको उपस्थित** | | | | **७०.८३ प्रतिशत** |

**७. सभाको वैधानिकता र सभाको सभापतित्व :**

Makar Jitumaya Suri Hydropower Ltd. MJS

CamScanner

७.१ कम्पनी ऐन, २०६३ तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको पन्ध्रौ बार्षिक साधारण सभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ७० भएको र कुल शेयरको ७०.८३ प्रतिशत प्रतिनिधित्व भएको हुदाँ यस कम्पनीका कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ कम्पनीको को नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउदै दिनको ११.०० बजे अध्यक्ष श्री हिमाल गुरुङ्गज्यूको अध्यक्षतामा पन्ध्रौ बार्षिक सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

७.३ सभाका अध्यक्षले सभा संचालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित संचालकहरुको परिचय दिनु भई सभाको कार्य अगाडि बढाउनु भयो।

७.४ सभामा स्वागत मन्तव्य कम्पनी सचिव श्री उमेश कुमार उपाध्यायले राख्न् भएको थियो ।

**८. बार्षिक साधारण सभाको प्रस्तुती :**

८.१ सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निधारित छलफलको विषय सूचि अनुसार आ.व. २०७९।०८० को संचालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो ।

८.२ तत् पश्चात् सभा समक्ष लेखापरीक्षकको प्रतिवेदन सहितको मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको आ.व. २०७९/८० सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि विवरण समेत छलफलका निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८.३ कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८०।०८१ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्नको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

८.४ सर्वसाधारण तर्फको संचालकको निर्वाचन सम्बन्धमा सभा समक्ष छलफलका लागि प्रस्तुत गर्नु भयो ।

**९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु :**

९.१ कम्पनीको आर्थिक वर्ष २०७९।०८० को संचालक समितिको प्रतिवेदन, २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९।८० को नाफा नोक्सान, हिसाव तथा नगद प्रवाह विवरवण उपर आ-आफ्नो मन्तव्य एवं धारणा प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहर समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपमा सहभागी हुदै देहाय बमोजिमका जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :

(क) शत्रुघन श्रेष्ठ

(ख) कृष्ण प्रसाद अधिकारी (कस्यप)

९.३ छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले कम्पनीले नियमनकारी निकायले तोकिदिएको निर्धारित समयमा नै विद्युत उत्पादन गर्न व्यवसायिक सफलता प्राप्त गरेले कम्पनीका संचालक समितिका अध्यक्ष, संचालक समिति, प्रावधिक समूह तथा अन्य कर्मचारीलाई हार्दिकता पूर्वक धन्यबाद ज्ञापन गरी आगामि वर्षमा कम्पनीले शेयरधनीको लागि लाभास वितरण गर्न सकोस भई सल्लाह दिनुभयो ।

९.४ सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

Makar Jitumaya Suri Hydropower Ltd. MJS

CamScanner

सभामा शेयरधनीहरुले उत्साहजनक रुमपा कम्पनीको व्यवसायिक प्रगतीको शुभकामना दिनुभएको तथा जिज्ञास नभएकाले अध्यक्षज्यूबाट स्पष्टीकरण दिइ राख्नु पर्ने खासै कुरा नभएको तथापि लाभास वितरणको हकमा भने अगामि वर्षमा नभई त्यस पछिका दिनमा सम्भव हुने अध्यक्षज्यूबाट सभामा जानकारी गराइएको थियो ।

**१० सभाको निर्णय :**

**साधारण प्रस्तावहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७९/८० को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

**निर्णय :** सभामा प्रस्तुत आ.व.२०७९।०८० को संचालक समितिको प्रतिवेदन सभा अध्यक्षज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा उक्त प्रतिवेदनलाई सभाले सर्वसम्मतीबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको मकर जितुमाया सुरि हाइड्रोपावर लिमिटेडको आ.व. २०७९/८० सम्मको वासलात र सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायतका संलग्न अनुसूचि उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

**निर्णय :** लेखापरिक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासताल, २०७९ श्रावण १ गते देखि २०८० आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण पारित गरियोस भनी सभा अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तिय विवरणहरु सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८०/८१ को लागि लेखापरिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण सम्वन्धमा ।

**निर्णय :** कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८०।०८१ को हरहिसाव लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्न अध्यक्षज्युले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा गत वर्षको लेखापरिक्षण गर्ने लेखापरिक्षक **श्री टिपी अधिकारी एण्ड एसोसेट**लाई आ.व.**२०८०/०८१** को लेखापरीक्षक नियुक्ती गर्ने साथै निजको पारिश्रमिक रु. ३,००,०००/- (मू.अ.कर बाहेक) निर्धारण गर्ने निर्णय गऱ्यो ।

४) सर्वसाधारण तर्फको संचालकको निर्वाचन सम्बन्धमा ।

**निर्णय :**सभामा सर्वसाधारण तर्फको संचालकको निर्वाचन सम्बन्धमा कम्पनीको संचालक समितिले नियुक्त गरेका निर्वाचन अधिकृत **श्री अधिवक्ता प्रकाश भुजेल**ले सर्वसाधारण शेयरधनी तर्फबाट तोकिएको सयम भित्र अन्य शेयरधनीहरुबाट संचालक पदमा उमेदवारी नपरेको र तोकिएको समय भित्र सर्वसाधारण शेयरधनी **श्री सोयम बहादुर खडकाबाट** ऐन, नियम बमोजिम संचालकमा उमेदवारी परेको व्यहोरा जानकारी गराउनु भएकोले सोही व्यहोरा सभामा सभा अध्यक्षले जानकारी गराउनु भएको हुदाँ कम्पनीको स्वीकृत नियमावली बमोजिम आगामि ४ वर्षको कार्यकालका लागि निर्विरोध रुपमा **श्री सोयम बहादुर खडकालाई** संचालक पदमा नियुक्त गऱ्यो ।

**विषेश प्रस्तावहरु :**

१) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारितगर्ने ।

Makar Jitumaya Suri Hydropower Ltd.
MJS

CamScanner

**निर्णय :** सभामा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न कुनै मुनासिब कारण नभएकोले हाललाई प्रबन्धपत्र तथा नियमावलीमा कुनै संशोधन नगर्ने भनी सभाका अध्यक्षले सभालाई जानकारी गराउनु भएको हुदाँ सोही बमोजिम उक्त विषेश प्रस्ताव सभाले सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

२) प्रबन्धपत्र र नियमावलीमा गरिने संसोधन/थप उपर नियमनकारी निकाय वा कार्यालयबाट प्राप्त हुने निर्देशन बमोजिम प्रबन्धपत्र वा नियमावली संसोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने विषेश प्रस्ताव सभाले सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

**निर्णय :** नियमकारी निकायले दिएको निर्देशन बमोजिम जुन सुकै विषयमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न लगायतका अन्य सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्यिारी प्रदान गर्ने विषेश प्रस्ताव सभाले सर्वसम्मतीबाट पारित गर्ने निर्णय गऱ्यो ।

**३) विविध ।**

क) **निर्णय :**सभामा सभा अध्यक्षले मिति २०८०।०२।१७ गतेको संचालक समितिबाट नियुक्त हुन भएका संचालक श्री सरस्वती राईलाई संचालकमा अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा उक्त संचालकलाई सभाले सर्वसम्मतीबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

ख) **निर्णय :**सभामा सभा अध्यक्षले यसै कम्पनी अन्तर्गतको माथिल्लो सुरी खोला जलविद्युत आयोजना ७ मे.वा.को निर्माण लागत बढ्न गएको हुदाँ उक्त निर्माण सम्मन्न गर्न थप २५,६०,००,०००/- (अक्षरुपी पच्चीस करोड साठी लाख रुपैयाँ मात्र) सानिमा बैंक लिमिटेडको नेतृत्वमा रही सह वित्तियकरण कर्जा उपभोग गरेकोले उक्त कर्जालाई अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा उक्त कर्जालाई सभाले सर्वसम्मतीबाट अनुमोदन गर्ने निर्णय गऱ्यो ।

ग) **निर्णय :**साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम यसै कम्पनीका संचालक अध्यक्ष श्री हिमाल गुरुङ्ग, कम्पनी सचिव श्री उमेश कुमार उपाध्याय र सर्व साधारण शेयरधनीको तर्फबाट शेयरधनी श्री सोयम बहादुर खड्काले प्रमाणित गर्ने व्यहोरा साधारण सभालाई जानकारी गराइयो ।

**११. धन्यवाद ज्ञापन तथा सभा विर्सजन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका सभा अध्यक्ष श्री हिमाल गुरुङ्गज्यूले सम्पूर्ण शेयरधनी महानुभाव लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद ज्ञापन गर्नुभयो । अन्तमा अध्यक्षज्यूले शेयधरनी महानुभावहरुबाट सरकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन दिनुभएकोमा तथा पन्ध्रौ बार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न आफ्नो अमूल्य सयम लिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धीत सवैलाई धन्यबाद ज्ञापन गर्दै दिनको १: ०० वजे सभा विर्सजन गर्नुभयो ।

| | | |
|---|---|---|
| हिमाल गुरुङ्ग | सोयम बहादुर खडका | उमेश कुमार उपाध्याय |
| संचालक अध्यक्ष | संचालक/शेयरधनी | कम्पनी सचिव |

Makar Jitumaya Suri Hydropower Ltd.
MJS

CamScanner